दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड -६ संख्या - ६ मितिः २०७९।०६।१८

**भाग - २**

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७९।०६।१२ |

# दुहुँ गाउँपालिका बाढी पहिरो पिडित परिचय पत्र वितरण निर्देशिका २०७९

**प्रस्तावनाः**

गाउँपालिका भित्र प्राकृतिक तथा गैर-प्राकृतिक विपद्हरुबाट पिडित भएका व्यक्तिहरुको पहिचान गरी उनिहरुलाई राहत. उद्धार तथा पुनः स्थापना गर्न/गराउन सहयोग गर्ने हेतुले २०७९/०६।१२ गतेको कार्यपालिका बैठकबाट स्विकृत गरि यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम 'बाढी पहिरो पिडित परिचय पत्र वितरण निर्देशिका, २०७९' रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७९ लाई सम्झनु पर्दछ,

ख)"नियमावली" भन्नाले स्थानीय सरकार ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ,

ग) "गाउँपालिका" भन्नाले दुहुँ गाउँपालिकालाई सम्झनु पर्दछ,

घ) "गाउँसभा" भन्नाले दुहुँ गाउँसभालाई सम्झनु पर्दछ,

ङ) "अध्यक्ष" भन्नाले दुहुँ गाउँपालिका पालिका अध्यक्षलाई सम्झनु पर्दछ,

च) "उपाध्यक्ष" भन्नाले दुहुँ गाउँपालिका पालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

छ) "गाउँकार्यपालिका" भन्नाले दुहुँ गाउँपालिकालाई सम्झनु पर्दछ,

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुहुँ गाउँपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झानु पर्दछ,

झ) "कार्यालय" भन्नाले दुहुँ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ,

ञ) "बाढी पहिरो पिडित" भन्नाले दुहुँ गाउँपालिका भित्र विभिन्न समयमा आएको बाढी पहिरोका कारण पिडित भएका परिवारलाई जनाउनेछ ।

**३. उद्धेश्यः**

क) बाढी पहिरो पिडितहरुको पहिचान गर्ने र स्थानिय तहमा नै बाढी पहिरो पिडितहरुको लगत राख्ने ।

ख) गाउँसभा एवं गाउँ कार्यपालिकाको निर्णय बमोजिम पिडित परिवारहरुलाई सुहुलियत एवं सुविधा सहज रुपमा प्रदान गर्न,

ग) पिडित परिवारहरुलाई लक्षित विविध योजना तथा कार्यक्रम सञ्चालन गरि बाढी पहिरो पिडितलाई आर्थिक, सामाजिक रुपमा सबल, सक्षम बनाउन प्रयत्न गर्ने,

**४. परिचय पत्र विवरणका आधारः**

विभिन्न समयमा दुँहु गाउँपालिका भित्र प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपबाट पिडित भनि सुचिकृत एवं गाउँपालिकाले निर्णय गरेका दुहुँ गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने लगायतका आधारमा यो बाढी पहिरो पिडित परिचय पत्र विवरण गरिनेछ ।

**५. लक्षिच वर्गः**

दुहुँ गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने बाढी पहिरो पिडित तथा जिल्ला दैवीक प्रकोप उद्धार समितिबाट सुचीकृत एवं निर्णय भएका बाढी पहिरो पिडितहरु यस निर्देशिका बमोजिम लक्षित वर्ग मानिनेछन् ।

## परिच्छेद-२

## समितिको गठन, काम, कर्तव्य र अधिकार

**६. समितिको गठन र कार्यक्षेत्र**

६.१) दुहुँ गाउँपालिका भित्र रहेका बाढी पहिरो पिडितको उत्थान र विकासका लागि नीति, योजना र कार्यक्रम तजुमा गरी कार्यान्वयन गर्न दुहुँ गाउँपालिकाको बाढी पहिरो पिडित परिचय वितरण निर्देशिका बाढी पहिरो पिडित परिचय पत्र विवरण समिति गठन गरीनेछ

६.२) समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

क) गाउँपालिका अध्यक्ष -संयोजक

ख) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक १ जना -सदस्य

ग) सम्बन्धित वडाका वडा अध्यक्षहरु -सदस्य

घ) कार्यपालिकाले तोकेको १ जना महिला सहित कार्यपालिका सदस्यहरु मध्ये २ जना -सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

च) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

छ) पुर्वाधार विकास शाखा प्रमुख -सदस्य

६.३ समितिको कार्यक्षेत्र दुहुँ गाउँपालिका क्षेत्र हुनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकार**

१) दुहुँ गाउँपालिका भित्र रहेका बाढी पहिरो पिडितको उत्थान र विकासका लागि संघ, प्रदेश सरकारले लागु गरेका ऐन, नीति, कानुन बमोजिम योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

२) बाढी पहिरो पिडितका छोरा छोरीहरुलाई माध्यमिक तह सम्म, प्राविधिक र व्यवसायिक शिक्षामा छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गराउने,

३) आर्थिक सशक्तीकरणका विभिन्न क्रियाकलाप सञ्चालन, जग्गा लिजमा लिई कृषि

व्यवसाय, साना तथा मझौला व्यवसाय सञ्चालनका लागि सहुलियत व्याजमा ऋण तथा अनुदानको व्यवस्था गर्ने गराउने,

४) बाढी पहिरो पिडित भुमिहीन आवास विहिन परिवारहरुको पहिचान र सुचिकृत गरी प्रमाणित गर्न सिफारिस गर्ने र संघ र प्रदेश सरकारले सञ्चालन गरेका कार्यक्रम समन्वय र सहयोग गर्ने,

५) बाढी पहिरो पिडितलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र उद्यमशिलता तालिम प्रदान गर्न सहयोग गर्ने,

६) बाढी पहिरो पिडितको विकासका लागि आवश्यकता अनुसार सरकारी, गैह सरकारी नीजि र विदेशी संघ संस्थासित समन्वय र सहकार्य गर्ने गराउने,

७) सिपमुलक, आयमुलक र जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

८) गाउँपालिकाले तोकेका अन्य कार्य गर्ने गराउने,

## परिच्छेद-३

## समितिको बैठक सम्बन्धि व्यवस्था

**८. समितिको बैठक:**

१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र आवश्यकता अनुसार बैठक बोलाउन सकिनेछ,

२) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ,

३) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ,

४) समितिको बैठकमा सम्बन्धित पदाधिकारी तथा विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ साथै गाउँपालिकाका अन्य पदाधिकारीलाई आवश्यकतानुसार बैठकमा आमन्त्रण गर्न

सक्नेछ,

५) समितिका बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ संयोजकको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ,

६) समितिको बैठकमा बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ,

७) समितिको बैठकको निर्णय समितिका संयोजकबाट प्रमाणित गरिनेछ,

८) समितिको बैठक सञ्चालन व्यवस्थापन गाउँपालिकाको बैठक सञ्चालन कार्यविधि बमोजिम हुनेछ,

९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## परिचय-पत्र विवरण प्रकृया

### ९. परिचयपत्र विवरण प्रक्रिया देहाय बमोजिम हुनेछ

१) बाढी पहिरो पिडित भएका परिवारका लागि स्थायी ठेगाना भएको वडा कार्यालय मार्फत बाढी पहिरो पिडित भएका व्यक्ति स्वयम् वा निजका परिवार वा संरक्षकले अनुसुची-१ बमोजिमको ढाँचामा परिचयपत्र प्राप्तिका लागि सबै पुष्ट्याई गर्ने तपसील बमोजिम २ प्रति कागजातहरु समावेश गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान,

ख) सम्बन्धिच वडा कार्यालयको स्थायी बासिन्दा भएको सिफारिस,

ग) अटो साईजको फोटो २ प्रति,

घ) जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि, (घर जग्गा बगेका पिडितहरुको हकमा मात्र)

ङ) नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

२) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, जग्गा, घर धनि प्रमाण पत्र र नागरिकता प्रमाणित प्रतिलिपि, अटोसाइजको २ प्रति फोटो यस प्रयोजनको लागि नाता प्रमाण पत्र वा नागरिकताको प्रमाण पत्र वा जग्गा धनी प्रमाण पुर्जा, मतदाता परिचय पत्र वा यस्तै विश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखितलाई आधार मानिनेछ बाढी पहिरो पिडित परिचय पत्र विवरण प्राप्तीका लागि पिडितले प्रमुख प्रशासकीय अधिकृत समक्ष आवेदन दिन सक्नेछ,

३) रित पुगी आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएमा निवेदकले पेश गरेका कागजातहरुको एक प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति गाउँपालिकामा पठाउनु पर्दछ,

४) सम्बन्धित व्यक्तिले पेश गरको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचयपत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई जानकारी दिनु पर्दछ,

५)यसरी प्राप्त भएको निवेदन समेत बाढी पहिरो पिडित समितिको बैठकमा पेश गर्नु पर्दछ निवेदकले पेश गरेका कागजात र अन्य सम्भावय तथ्य प्रमाणका आधारमा निजले परिचयपत्र पाउने देखियो भनि स्थानिय बाढी पहिरो पिडित समितिले सिफारिस गरेमा निजलार्य परिचय पत्र विवरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्दछ,

६) परिचयपत्र प्राप्त व्यक्तिहरुको वर्गीकृत लगत दुहुँ गाउँपालिकाले कम्प्युटराइज गरी आफ्नो कार्यालयमा राखी सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ,

७) समितिले परिचयपत्र दिन ठहर गरेका परिवार व्यक्तिलाई अनुसूची १ बमोजिमको परिचय पत्र निःशुल्क उपलब्ध गराउनु पर्नेछ ,

८) परिचयपत्रमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षरबाट जारी गरीनेछ प्रचलित कानुनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**१०. प्रतिलिपि सम्बन्धी व्यवस्थाः**

१) परिचयपत्र हराई नासिइ वा बिग्री परिचयपत्रको प्रतिलिपि लिनु पर्ने भएमा आफनो स्थायी ठेगाना भएको दुहुँ गाउँ पालिकाको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्दछ,

२) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिब देखिएमा परिचयपत्रको प्रतिलिपि उपलब्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि निवेदकले पेश गरेको सक्कल कागजात सहित बाढी पहिरो पिडित समितिमा पेश गर्नु पर्नेछ । समितिमा पेश गरिएको निवेदन अनुसार समितिको निर्णय गरी परिचयपत्रको प्रतिलिपि निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५

## परिचय पत्र विवरणको आधार, प्रकृया र वर्गीकरण

### ११. बाढी पहिरो पिडितको बर्गिकरण

यस निर्देशिका बमोजिम बाढी पहिरो पिडितहरुको बर्गिकरण देहाय अनुसार गरिएको छ ।

१) ‘क’ वर्गः परिवारको नाममा रहेकको सम्पुर्ण सम्पत्ति बाढी पहिरोबाट क्षति भई सुकुम्बासी भएको वा बाढी पहिरोका क्रममा परिवारका सदस्य गुमाएको,

२)‘ख’ वर्गः परिवारको नाममा रहेको सम्पत्ति मध्ये घर जग्गा बाढी पहिरोबाट गुमाएको,

३) ‘ग’ वर्गः परिवारका नाममा रहेको जग्गा मात्र गुमाएको वा अस्थायी घर टहरा गुमाएको,

४)‘घ’ वर्ग माल समानमात्र गुमाएको,

५)‘ङ’ वर्ग बाढी पहिरो पिडितको अन्य ठाउँमा घर वा जमिन वा अन्य चलअचल सम्पति रहेको सो कुरा

६) ‘च’ निजको हालको आर्थिक अवस्था रोजगारीको अवस्था, वार्षिक आय, परिवारको संख्या, हाल प्रयोग गरीरहेको आवासको अवस्था, बालबालिकाको संख्या र नीजहरुके अध्यापनको अवस्था,

१२.सुविधा तथा सहुलियतः

१) सेवा शुल्कमा छुट सम्बन्धमा

क) 'क' वर्ग गाउँपालिकाबाट प्रदान हुने विभिन्न सेवामा गाउँपालिका कर तथा सेवाशुल्कमा ७५ प्रतिशत छुट दिइनेछ,

ख) 'ख' वर्ग गाउँपालिकाबाट प्रदान हुने विभिन्न सेवामा गाउँपालिका कर तथा शुल्कमा ५० प्रतिशत छुट दिइनेछ,

ग) 'ग' वर्ग गाउँपालिकाबाट प्रदान हुने विभिन्न सेवामा गाउँपालिका कर तथा सेवा शुल्कमा २५ प्रतिशत छुट दिइनेछ,

घ) 'घ' वर्ग गाउँपालिकाबाट प्रदान हुने विभिन्न सेवामा गाउँपालिका कर तथा सेवा शुल्कमा १५ प्रतिशत छुट दिइनेछ,

**१३. आरक्षण सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न सिपमुलक तालिमहरु एवं स्वरोजगार सम्बन्धी कार्यक्रमहरुमा बाढी पहिरो पिडितहरुमा लागि १० प्रतिशत आरक्षणको व्यवस्था गरिनेछ । उक्त १० प्रतिशतलाई १०० प्रतिशत मानी 'क' वर्गका बाढी पहिरो पिडितलाई ५० प्रतिशत आरक्षण, 'ख' वर्गको बाढी पहिरो पिडितलाई २५ प्रतिशत आरक्षण, 'ग' वर्गको बाढी पहिरो पिडितलाई १५ प्रतिशत आरक्षण र 'घ'वर्गको बाढी पहिरो पिडितलाई १० प्रतिशत आरक्षणको व्यवस्था गरिनेछ आरक्षण सम्बन्धी अन्य पद्धति तोके बमोजिम हुनेछ ।

**१४. परिचय पत्रको ढाँचा तथा आकारः**

बाढी पहिरो पिडित परिचय पत्रको ढाँचा अनुसूची -१ बमोजिम हुनेछ । यसको आकार नेपाली नागरिकतालको प्रमाण पत्र साइजको हुनेछ ।

## १५. अवधिमा समाप्त हुने

बाढी पहिरो पिडित परिचय-पत्रको अवधि परिचय पत्र जारी भएको मितिले ३ वर्ष स्वतः समाप्त हुनेछ ।

## परिच्छेद-६

## १६. विविध

१) मापदण्ड बनाई लागु गर्न सक्नेःयस कार्यविधिको उद्देश्य पुर्तिको लागि समितिले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

२) प्रचलित कानुन बमोजिम हुनेः यस ऐनमा लेखिएका कुरा यसै ऐन बमोजिम र अन्य कुरा प्रचलित कानु बमोजिम हुनेछ ।

३) संशोधन सम्बन्धी व्यवस्थाः यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्नुपर्ने वान्छनीय भएमा गाउँपालिकाले संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

४) बाढी पहिरोको अलवा दुँहु गाउँपालिका भित्र घटने प्राकृतिक र गैर प्राकृतिक विपत्तिहरुको कामकाज यसै निर्देशिका बमोजिम हुनेछन् । र अन्य आवश्यक कामकाजहरु गर्दा गाउँ कार्यपालिकाको बैठक बमोजिम हुनेछन् ।

५) बचाउ तथा खारेजीः

क) गाउँ कार्यपालिकाको बाढी पहिरो पिडित परिचय पत्र वितरण निर्देशिका २०७९ खारेज गरिएकोछ ।

ख) उपदफा (४) खण्ड (क) बमोजिम खारेज भएका कानुन बमोजिम भए गरेका कामकाजहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची-१**

**दुहुँ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हिकिला, दार्चुला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बाढी पहिरो पिडित परिचय-पत्र**

क.स......................

नामः..................................

ठेगानाः.................................

बाढी पहिरोबाट क्षति विवरणः......

वर्गः...........................

परिचय पत्र जारी गर्नेको जारी हुने मिति

नाम थरः-

घर परिवारको विवरणः

१.........................

२............................

३....................................

४..................................

५............................

६..................................

आज्ञाले,

भूपेन्द्रसिंह बडाल

प्रमुख प्रशासकीय अधिकृत